# ऐतिहासिक पत्रस्तम्भ

नं. ८

चुनीसिले दौनी साहेवको मुन्सी ललकसींलाइ चिठी लेषी पठायाकाको नक्कल ... ... ... ...............

स्वस्ति श्रीसर्वोपमाजोग्य मुनसि ललकसि लालाके ली. चुनारायकै सलाम षुसी राउर चाही आगे सुन्नेमै आइछहै जे साहेब गढीकैइटी उजारतहै तेहि बास्ते राउरा समकै लिषलहै जेरीरे सभ कारिदा होइ साहेवके समुझाइदेइ गढि उनके लीलाम नहि भइलबाट गांव तप्पा उहिके जंगल गुरदी भइलबाट गढी हमारा पुरनी आनके कीर्ती हये से उन्हसे कोछु वास्ता नही है गडि हमारा है बहुत बडे बडे साहेव सुव्वा होये गईले केहु नही किर्ति मंग कई सकले अब कीर्ति मंग करतहै से मुनासिव नहीहै समुझाइदेई नहितो अछा नहि होइ नही मानीहै तो फौजदारी होई लाकलानसें बुझव मिति आषाढ बदी १४ रोज सन १२४६ साल ......................................

प्रतहु कम होवे कि मुझें रसीद भेजते रहै मै चाकर कदीम निस्सताय हूँ पर्वर्श मेरी होवे अहवाल ताजा ये है कि श्रीलाट साहव फौज इकठी करे व्यास नदीपर बडेहै मंजूरहै सीषोंकी भारी फौज दूर कराकर १० त १५ हजार अपनी फौज नबीन भर्ती वहा रषनी षर्चलेना मुलकका बंदोवस्त अपने हाथ रषना घरू कां मलहनासिसे लेना ओर जो नमाने तो जवरदस्ती करके सर्व मुलुक जप्त कर्ना षर्च मूजिव नगदी देनी अहदनामा नया कर्ना सिषोंको हल जोता रषना सो इह बर्बादी केवल फूटसे हुइ और होती चली जातीहै गवर्नर आगरेके अजमेरसे ईंदौर गये दिल्लीके बडे साहब्र कोटकासममै पहुचेहै दौरा आवेगे ईस्मट साहेवको जालंधर हांसी दिल्ली होडल आगरे पांचो जगाकी पर्मटका काम हुवा जहा फूट नहीहै वहा अंगरेज बहादुर्का दषल नही जहा फूट दंगाहै वहांके मालक है रहस्य येहै संवत् १९०३ मिति पौष वदी १२ रोज ३ मु. दिल्ली शुभम्......

सेवक ज्वालानाथ चिम्मनलालका कोटि २ कोर्निश २

नं. ८५

श्री ५ सर्कार

अर्जि......................................

उप्रांत अर्जि आगे चढाईथी सो......१......मां मुजरी होगी अब पर्चा अनंदीरामका आयाथा सो भी चढायाहैं. १...मां गुजरेंगा परंतु ४ महीनेसे दसींदमयान भई सो उम्मेदवार हुं कि १ बार मुषतारजु तथा मुनसी काशीनाथ

नं. ११०

श्री १०८ भगवत्

२

श्रीमत् राजकुमार कुमारात्मज श्री श्री श्री प्राईम्मिनिष्टर यान कम्याण्डर ईन चीफ जणरल जङ्गबहादुर कंवर राणाजी

१

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादि कदर्दान राजभारोद्धारणसामर्थ्य श्रीश्रीश्री काजि हेमदल थापा बहादुरके ज्वाला-

नाथ चिम्मनलालका सलाम जाहिर होय उभयो कुशलं च उप्रांत श्रीआपका पत्रि भादौ बदि ६ रोज १ का लिष्या श्रीहजारी मल जौहरीके नामपर २ चिठीके जुबाब ले आया उस्ने आफ्नै मेरी दोनो चिठीका भी जुबाब लिषा कि अर्जि दोनो...१ – मों गुजारदियाहै ५०० रुपया तलबका बाकी है उन्का भी अर्ज कर्दीनाहै दो महीन्हेको असेंमे निकासी होवे जदि भेजदेगे तथा सलामसे भी याद फर्माया बडी कदर्दानी करी आप कदीमोके पिष्टाननेबाले हो जिलनीतवक्कै हमको आपपर थी उससे ज्यादा ईनायत फर्माइ.. २... आपकी रोज व रोव तरक्की करे ज्याद ऐश्वर्य बढे मै कदमी बुढा चाकर हूं मेरे उपर सदैव क्रिपा द्रिष्टि रषयेगा जो काम चाकरी होबे उससे याद फर्मायियेगा मैभी आपको टहलमै रहूगा कभी कभी षबर ताजा भेजता रहूंगा आप मौका देष मेरी दस्तगीरी कर्येगा तन्षाहको छुट्टी आपको ईनायतसेही होगी षबर ताजा भेजी है मुनास होवे तो – १... मै अर्ज कर्नी संबत् १९०५ मिती भादौ सुदि ८ रोज ४ शुभन् ..............................

नं. १११

श्रीहरिद्वार

१

अर्जि ——————————————

उप्रांत प्रभु अघि सुन्याको बिस्तार अघि अघिका अर्जिले जाहार भयोहोला प्रभु मैले मधेसतिर पठायाका मानिसले मुषजमान ल्यायाको षबर पिरोजपुरका नजिक धर्मकोटमा अघि सिषले रातमा डाक हानि मान्यापछि फेरि दिनमा लडाञि जोरिदा सिषले लडाञि जिति अंरेजको फौज ढेरै मारि १७ तोप लुटि लग्यापछि पूर्वतिरका जगा जगाका पल्टन फिकि दोहरी लाम बाधिरह्यामा जोतपुरवालाले ह्रामि अंरेजको मद्दत गर्न बाजौ भनि कुरा गरि फौज ल्यायेछरे तस्तै बिचमा इ त हाम्रा मद्दतमा आयाका हुन् भनि अलिक गाफिलिमा अंरेज रहदा जोतपुरवालाले पल्तमा पै डाक हान्दा २ लाष फौज साफ गरि मारि सिषसित सामेल भैरहेछ पटेलावाला र सिष जोतपूरवालाको १ मतो भै लडाञि जिति पिरोजपूर जलेलावाद सुरज बमै सहरमा सिषका फौजको अड्डा छ २५।३० कोस अंरेजको फौज हटि बसिरहेछ भन्या षबर ल्याया प्रभु तिलंगाले ल्यायाको षबर हो सुन्यासंमको बिन्ति गरि पठायाको छ अंतबाट पनि षबर आयाको होला साचो झूटो चरणमा जाहार होला कुमाउतिरका अर्थ कुमाउको फौज सबै उठि गयापछि २ सय काला तिलङ्गा आई १ सय नाल सोरमा १ सय नाल कालिकुमाउमा राष्यो हाम्रो फत्य भयो भनि जगा जगामा २१।२१ तोपको बढाइ गन्यो जो अंरेजले हान्यो भन्या कुरा गरौला तस्को नाक काटियेला भनि ढडरा पिटाइराषेछ बाटाघाट भन्या सबै बंद गन्यो कसैलाइ छिर्न दिर्दैन प्रभु कुमैञा भन्या साह्रै थर्किरह्याछन् पाहाडिया जो जान्छन् १० रुपैया कल्दार मैह्लाको दिन्छु पल्टनमा भर्ना हो भनी कलं जारि गर्न लागिरहेछ हाम्रा तिलङ्गा भेस फेरि तिर्थको वहना गरि पठायाको थिञा कि तिमि १० रुपैया मैह्ला १ को दर्माहा लि पल्टनमा भर्ना हो पल्टनमा भर्ना हुदौन भन्या येस बेलामा तिर्थ जान हुदैन फर्क भनि सर्मालिघाट तारिदियो प्रभु पुसमा सुवा कासिदत्त पण्डित ससौंगात लि कुमाउ जान भनि गयाथ्या जज् साहेव टेंहिरि गयो भन्या षबरले फर्कि आयाका थिया माघका १० दिन जादा बुधबार फेरि कुमाउ जान भनि ससौंगात लि गयाका आजसम्म झुलघाट तन्याको छैनन् तिनले तर्न पाया भन्या सोमाफिकको बिन्ति गरि पठाउन्या काम गरूला हुंगमा ठुलो उठधाको छ ञाहाको कसक साह्रो मान्याको छ भंछन्...१–संम पठायाका मानिस आयाका छैनन् आयापछि जो षबर ल्याउनन् सो पछि बिन्ति गरि पठाउन्या काम गरूला अरू मानिस मसित कोहि छैनन् तिलङ्गालाई पठाउ भन्या ञाहा षोसियाका वाहा भन्या मैह्ला १० रुपैया कल्दार दर्माहा पाउन्या कुरो सुंदा तिलङ्गा पठाउन मनमा कसूको लाग्छ अरू षबर जो पाउला सो बिन्ति गरूला सुन्याका कुरामा केहि उच निच पन्यामा क्षमा राषिबक्सनु चाहिंछ जो हुकुम – – – – – – – –

ईत सेवक जयद्रथ अधिकारिको कोटि दण्डवत् सेवा सेवा— — — — — —

इति सम्वत् १९०२ साल मिति माघ शुदि ३ रोज ६ मुकाम डोटि डडेलधुरा शुभम्. – – – – –

नं. ३१४

सम्बत् १९३१ साल आश्विण बदी ६ रोज ४ मा आयाको पायासुन्याको — — — — — — ——

आफ्ना इलाकामा चावल चना ढेरै षरिद गरि गोरषपूर चलान गर्छ भन्या सुनिन्छ येति भन्या सुनियेन गोराको पलटन गोरषपूरमा १५।२० दिनभित्र ढेरै आयो भन्या सुनिछ – – — — — — — — — —

वडालाठ प्रयागमा आउन षोज्दा हाल रसद ज्मा छैन रसद ज्मा भयापछि आउन बढिया छ केही दिन थामीया बेस होला भनि येस्तर्फका साहेवानले लेषिपठाया र कलकत्तामा थामीया भन्या गलबा सुनिछ — – — – –

आफ्ना सरदका भारी भारी जिमिदारलाइ तिन तिन चार चार हजार रुपैयाको रसद ज्मा गर भनी रुपैया दि कार्तिक मा बुझिलिउला घटति पनि मिन्हा दिउला भन्छ भन्या सुनिछ –– – — — — — —— – — –

नचलौलका राजा मिठौरा बजारमा ढेरै रसद ज्मा गऱ्याको छ साहेवानहेरू पनि बरोबर तेस जगामा तागिती गर्न आउछन् भन्या सुनिन्छ — — — — – –

गोणातर्फबाट लदना घोडा गदहा षचर ढेरै षरिद गरि वेतियाको जिल्ला सुगौलिमा ज्मा गर्छ भन्या सुनिछ ——

–०–

नं. ३४४

श्री ५ सर्कार श्री ३ चौतरिया फतेजंग साहजी
१ २
अर्जी – – — – – – – – – – ––

उप्रान्त गरिपरवर मेरे पौष सुदी ११ रोज ५ मे लिषी अर्जी बन्देको –१– के मुलाहेजेमे गुजरी होगी बाद मुलाहेजे अर्जीके बन्दाकी ––२––नजर दौलतसे कृपा–पूर्वक हुकुमनामे लालमोहोरका और टुकडे रोटीका उम्मै–दवार हैं फर्द ३ दिल्लीके अषबारके शामिल इस अर्जीके-१–के चरणोमे हाजर कर्ता हुँ सो मुलाहेजेमे गुजरे माघ बदी ३ रोज ५ मे सर्दार भवानीसिंहजी मातमिद ––१–– दौलतमदारके दिल्लीसे कूच कर्के लारन्स साहव इजेट नेपालसे मुलाकात कर्के बन्देकी भाई मिश्र सदाशंकरजीको अपने हमराह लेकर फीरोजपुरको रवाना हुवे अर्जी सदा र मौसूफकी शामिल इस अर्जीके ––२––की हजूरमे भेजी हैं सो मुलाहेजेमे गुजरे रामनाथ उपाध्याय जिमीदार नेपाल दिल्लीमे आए सर्दार भवानी सिंहजीसे मिलकर सर्दार मौसूफके साथमे पश्चिमतरफको रवाना हुवे वास्ते ईतिला–हके अरज रषता हुं षाविन्द मेरे इन दिनोमे लाहोरतरफकी लडाईकी हाल सुन सुनकर जमीन और आस्मानतक हिलता है अगर्चे मौसम और सर्दार भवानीसिंहजीकी आज्ञाको –१– दौलतमदारका हुकुम समझकर मिश्र सदाशंकरजा वडेभाई अपनेको सर्दार भवानीसिंहजीके साथ भेजदिया है हमलोगोका हालकी और मेहनतकी कदरदानी फर्माकर टुकडा रोटीका बषशनेको––१––समर्थ हैं ज्यादा क्या विन्ति करूं–१–सर्वज्ञ है जान अजान कसूर माफ होवे सं. १९०२ साल मिती माघ बदी ४ रोज ६ मुकाम दिल्ली

अर्जी भिक्षुक बालाशंकरस्य कोटि कोटि शुभाशिष:सन्तु

–०–

नं. १८७

अर्जि– – – – – – – – – – – – –

उप्रान्त लाहोरका लडाईको लुटमा अरेजहरूले २५२ तोप लुट गरि आहा कलकत्तामा लैआयाको रहेछन् मीती चैत्र वदी ९ रोज ४ का दिन त्यो तोपहरू सर्वै आहा किल्लाको मैदानमा राषिकन पलटनहरूले बन्दुक र तोपको सलामि फैर गरि षुबै कवायत गऱ्याको थियो आहादेषि अचानक–संमको अरेज पलटनिआहरू र आहाका राजाबाबुहरू छोटा वडाआदमी सर्वै जना कवायेतको तमाशा हेरननिमित्त किल्लाको मैदानमा गई ज्या भयाका थियो २५२ तोपको विचमा २ तोप साह्रै ठूलो रह्याको छन् आहा––१–– का फर्मायशि माल असबाव सर्वै षरिद भैसक्याको छ अब २१४ दिनमा मेहर्मान सुब्बा र मन्नुसिं सुवेदार माल अस–बाव लीयेर आहाबाट रवाना भै हिडन्याछन् सो इत्तिला–निमित्त विन्ति लेषि चह्रायाको छ ज्यादा सर अफसर भुल चुक हरफ र वेअदबिको माफ फर्माउनिमित्त हुकुम वक्या–जावस् इति सम्बत् १९०३ साल मीती चैत्र वदि २ रोज ५ – – – – – – – – – – – – –

सदा सेवक मदन्मोहन्तेवारिको वेदोक्त शुभ आसिर्वाद शहसुम् शुभम् – – – – – –

–०–

नं. २८४

श्रीहरिहरक्षेत्र श्रीगङ्गासागर श्रीगयाजि

१ २ ३

अर्जि– — — — — — — — — —

उप्रान्त--१--का मेलामा चारैतरफका साहेवानहरू वहुतै आयाका थिया नाचतमासा घोडदौड पनि १५ दिन–संम बरोबर गऱ्या: घोडा हात्तिहरू पनि बहुतै वढिया आयाका थिया: विकन पनि बहुतै विक्याका देष्युं: लाहुरको लहेन्हासिं मजिटिया पनि--१—का मेलामा आईपुग्याको थियो: सोधपुछ गर्दा—२— गर्न जान्या रहेछ. ४।५ सय मानिसहरू पनि साथमा रह्याछन्. जगतवम् पाडेवाहेक रणजङ्ग पाडेका छोरास्मेत कालापाडेहरू सवै १...का मेलामा आयाका थिया. वौधमान कार्की पनि उनैका साथमा रहेछ——१——मेला भन्यापछि हरिदास महंतले आफ्ना घरमा उतारि राष्याको छ. औ अंग्रेज हरूका जमानि थाहा भयो लारन्साहेव रजिडन्ट नेपालबाट हावा षानलाइ येस्तरफ आउन्याछन्. मेरट्को छाउनिबाट कालाको २ पलटन—३—को बाटो गरि हजारिवागका छाउनिमा गयो भन्या षबर छ. निमषहरामि कर्नेल काजि कप्तानहरूले पनि घोडाहरू किन्याछन्. पच्छाहांतिर जानाको तयारि गर्न लागिरह्याछन्. बहुत विंति कति क्जिो गुलामपर सर अपसर माफ फर्मायाजावस् इति सम्वत १९०२ साल मिति मार्गसिर बदि ४ रोज ३ मो. पटना शुभम् – – – — — — – – – —

—०—

नं. ३६०

श्रीहरि श्री ५ सर्कार

१ २

स्वस्ति श्रीसर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ठ राजभरोद्धारणसामर्थ श्री श्री श्रीजनरल अभिमानसिह राना महासयेषु इत श्रीजयद्रथ अधिकारिको शुभ आशिक सतंपूर्वक पत्रमिदं इत निक ताहा कुसल चाहिये आगे आहाको समाचार भलो छ उप्रांत लाहुरतरफको जो पायाको हालसुरथ अघि लेष्याको हो मानिस पठाईराष्या छु ल्यायाको हाल



पछि लेषुला भनि लेष्याको हो २।३ तरफ मानिस पठाइराष्याथ्यां उनैहरूले ल्यायाको षबर अल्मोडमा निजामति सिपाहि सय जना सोरमा २५ जना कालिकुमाउमा २५ जना मात्रै रह्याछन् अरू षालि छ टिहिरि गयाका साहेव—हरू पनि सुगाठोर गयाछन् भन्या षवर ल्याया ताहा रह्याका पलटन सवै मंडिमा ज्मा भै पुसका २७ दिन जादो पश्चिमतरफ गयो बहाना भन्या जनरल गुलाफसिले ढेर बिलाइ गऱ्यो पक्रन जांछौं भनि गयाको मेरा प्रतित भयाको मानिसले देषि आयाको हो पेटले भन्या साह्रो डराइरहेछ अल्मोडा षालि छ हुंगमा भन्या ठुलो भैरहेछ भन्या षवर ल्याया कासिपूरतरफ गयाकाले षबर पीरोजपूरका नजिक घरंकोट भन्याको जगामा सिषले रातमा २ डाक हानि अंग्रेजको लसकर ढेरै षत रह्या ३।४ जनरलसंमका पगरि पऱ्या भन्छन् भन्या षबर ल्याया ——१——द्वारसंम पठायाका मानिस आयाका छैनन् आयापछि जो षबर ल्याउनन् सो पछि लेषन्या पाठ गरुला यो षबर-—२——मा अर्जि लेषि चह्राइ पठायाको छु सब विस्तार बडापत्रले बुझनुहोला ज्यादा तेस्तरफको हालसुरथ र आफनु क्षेम–कुसल लेषदै रहनुभया बढिया होला ईति सम्बत् १९०२ साल मिति माघ बदि ५ रोज ७ मुकाम डोटि डडेलधुरा शुभम् — – — – – — — – – –

—०—

नं. १२४

अर्जि — — – — — — — – —

उप्रांत करुणानिधान गरिप्रवर हजुरका सुद्रिष्टीले सेवक अल्मोडा पुगी आयाको हालषबर अघि चढाईपठायाका अर्जिले जाहेर भयोहो आहां आयापछि सेवकले देसतरफको षबर बुझि पठाउनु भनि जगा जगामा मानिस पठायाका थिया र उनि मानिसहरूले पठायाको षबर पूर्वतर्फबाट आयाको कालाको फौजका मालिक षानबहादुर १ गुलाफसि १ राजा नर्महसि १ बरेलिको मौलिवि १ निडेसि १ इनिहरूका साथमा रिसाला ५०० अरू पैदल सिपाहि गरि २००० तोप ४ लि डोटिको मधेश कलुवापुर झनकपुर भन्या गांउको बाटो गरि पश्चिमतर्फ बस्तिको गौढि भन्यामा २ रात फौज बस्याको रहेछ तसै बषतमा अंग्रेजको फौज रिसालास्मेत १००० यसै काला फौजको पछाडि

लागि आयाको रहेछ यस्तरहका अंग्रेजका साहेब २ सिष र गोराहरूस्मेत ५००० फौज नवलषारदेषि सामेल भै कालाका पछाडि लागदा पैदल फौजभन्दा रिसाला ४।५ सयले धावा गर्दा भेटायाछन् र वस्तिको गौडि भन्या जगामा माघका दिन ३ जादा शुक्र बारका दिन अंग्रेजका सवारसंग लडाञि जोरियेछ अंग्रेजका फौज केहि षर्च भयाछन् भोलीवेर सनिश्चर बारका दिन अंग्रेजको पैदल पल्टन आईपुग्दा कालो पल्टं भागी तरहराघाट भन्या घाटमा येक टापु रहेछ ताही काला पल्टं अडीयाको छ अंग्रेज पनि ताहादेषि फर्कि आयो भन्या षवर आयो. र गुलामले हजुरमा जाहेर गरि चढाइपठायाको छ अक्ष पनि देसतर्फ षबर बुझनलाइ मानिस लायाको छ जो षबर ल्याउनं विन्ति चढाई पठाउन्यां काम गरुला जो मर्जी ईति सम्वत् १०१५ साल मिति माघ वदि ५ रोज १ मुकाम सिलगढी शुभम् – – — — —

ईत सेबक सुव्वा जयतसिं थापाको कोटि कोटि सलाम — — – – – – — –

—•—

नं. ३३९

अर्जि– – — – – – – – – –

उप्रान्त गरिवप्रबर भाद्र बदि १२ रोज ५ लेषियाको १३।१४।१५ सालको बुटोल जिल्लाको---१---- धोक बुझाउन्या कागतपत्र तयार गर्नालाई दस्कत देषत चाडो आउन्या काम गर भन्या वीहोराको दस्कत १ ये शुदी ८ रोज १ का दिन आईपुग्यो बिस्तार बुझि सिर चह्राञा पसि मङ्गल वारको सायेत गरि ञाह्राबाट हिड्न्या काम गर्छु पश्चिमतर्फको हाल बुझनलाई हर्नामसिंको हिपाही पठांयाको हो वंगाला लषनौतर्फ पुगि उस्ले ल्यायाको हाल सवार पैदल गरि २ लाष फौज लि तांतिया राव काल्फीमा रायसाहेव काल्फीदेषिन् बिस कोसपश्चिम सेरपुरघाटमा १ लाष सवार पैदलस्मेत ली बस्याका छन् पिराजसाह डील्लीका साहज्यादा काल्फीदेषी पूर्व भदोषुरघाट १५ कोस मा १५ हजार लस्कर लि बस्याका छन् अंग्रजले हत्यार देउ भनि सबलाइ तकेदा लाउदा येसै कुरामा विगडी कोटा बुंदिरिमा बर्गेहुका राजाहेरू ताती यारावसित सामेल हुन

आयाका रह्याछन् औ अंग्रेजहेरू काल्फीका येस्तर्फ...२...बारमा गोरा सिष कालास्मेत गरि २८ हजार फौज बस्याका छन् लषनौमा गोरा सिष ६ हजार गुफतारघाटमा गोरा सिष ५ हजार छाउनी हाली बस्याका छन् बर्सादको याम हुनाले हाल लडाञी भीडाञी लाग्याको छैन बर्सादबाट भारि लडाञी होला भनी उसपारका मानिसहेरू भंछन् भन्या षबर लायेछ नानाराउको हर्कारा पनि तातीय हेरूसत पुगी आयाको येहि बाटो देउषुरि गयो भनी हर्नामसिंहसित कुरा गर्‍यो हर्कारासित भेट भन्या भयेन फिरारीहरू आजकाल्थोरहुत थोरबहुत देउषुरिबाट येस्तर्फ आउन लागी रह्याछन् भनी देषन्या रैयेतहेरू भंछन् अरू हाल वांकीका राजालाई गोरषपुरबाट तल्वी भै वांहीं गया औ तुलसीपुरको रानी र बौंडीकी रानी औ मानें र महोमद हसन नाजीमलाई लषनौबाट तल्वी भै उतै चलान भया भन्या षवर छ भनी हर्नामसिंले भन्छ इति सम्वत् १९१६ साल भाद्र सुदि ८ रोज १ शुभम् ... ... ... ... ...

सदा सेवक लेफटेन देबु रानाको साष्टांग कोटी कोटी सेवा सलाम शुभम् ... ... ... ... ...

--o—

नं. ३१८

अर्जी ... ... ... ... ... ... ... ...

गरीपर्वर हाल लषनऊका दरियाफ्त हुवा कि ईस महीनेमे कई रईसने वादशाहके पास अर्ज किया कि एक मुसल्मानका लडकेको किसू हिन्दूने मारकर उसका खून अपनी देबतापर छिडका उसपर बादशाहने हुक्म दिया कि उस हिन्दूके देवल को षोदकर उस देवताको भंग करडालो और उसमे जो असवाब है उसको जप्त कर्के हजूरमे हाजिर करो उस हुक्ममुताविक देवलकी बर्बादी हुई ईस हालको हिन्दूयोने देषकर समझा कि हिदूधर्म छूडता है उस वक्त हिन्दूलोग यंगरेजके छावनीमे गए ईस षबरको बादशाहने सुनकर कोतवालको ताकीद किया कि कोइ हिन्दू यंगरेजके छावनीमे नजाने पावें अगर जाते देखो फोरन उसको गिरफ्तार करो जब कि कोतवाल उनको धरपड कर्ने लगे उस बक्त तमाम हिन्दूलोग लडनेको मुस्तैद हुए यह फसाद साहेव रजीदंडने सुनकर खुद बादशाहके पास गए और उनको बहुत समझाया

उस वक्त तकरार मौकूफ हुइ लेकिन हिन्दूलोग अभीतक बिगडे है आइन्दे जो कुछ हाल होगा अर्ज अरूंगा और आज रातको विन्धाचलसे सवारी...१... यहां पहुची लेकिन गर्मीके सबबसे उनकी तवीयत दीक है इससे मालूम होता है कि अब गर्मीके सबबसे वाहर तशरीफ नलेजायेंगे और इन दिनौमे खर्चबगैरह निहायत दिक रहता है आगे मेरे हालपर नजर कर्के बकसना होगा तब बडीया होगा और आपके बक्तमे मेरेको दुसरेके दरवाजेसे अर्ज कर्ना मुसकिल है रुपया रोज जो हजूरसे मेरे पर्वरिशके वास्ते हुक्म हुवा है सो नजर वक्सनेसे मेरेको मिलेगा मिती चैत्र शूदी १५ रोज ४ समत १८०४ शुभम् — — — — — — — — — — — —

—०—

नं. ३००

गवर्नर जेनरल सर्कार
१ २

अर्जि — — — — — — — — — — — — —

उप्रान्त १९२४ जेष्ट वदि १३ रोजमा रवाना भयाको षलिताको नक्कलसहित निगाहपत्र ये शुदि ९ का रोज आइपुग्यो बिस्तार बुझि सिर चढाञ्यां साहवानहरूसंग भेट मुलाकाद वातचीत हुदा अहदबमोजिम जवाफ गरौला ज्यादा यस्तरफको हालषबर र अघिको सवै जाहर भयोहां हाल र दिल्लीलाई बंबै कर्नालतरफको फौज धावा गरि चढदैछ कलकत्ताबाट तोप षजाना फौज ध्वांकस नाउमा रवाना हुंदैछ रेल चाडै तयार गर्नाको ताकीता बढदैछ नञा पल्टन भर्ति हुंदैछ लषनौमा १ मेम बांकि छ अरू दुदका वालष पनि बाकी छैनन् इउरोपिमा भन्या गलवा छ संत्तलका दहुसतले वर्दमानदेषि रेल बढदैन दिल्लिका दर्वाजा १ षुला छ बाकी पल्टनमा आपुसमा तकरार भै सवै बंद छ भन्छन् आजतक र पछामा हुज्जत गर्न्या फौज और फौजका महतवाला छोटा बडा सवैलाई इउरोपि फौजले घेरामा पार्‍यो हो भन्या षवर छ दिल्लिको जंगि षजाना १ सुबेदार गोराले आगो लाईदिदा आफू पनि उडघो उस्ले हुज्जतवाला सिपाहिका हात षजाना नपरोस भनी ज्यूको माया मारी यो काम गर्‍याको हो कलकत्ताका गोराहरू पंछाको मेमको र बालषको हात चल्दा बहुत अबसोस गर्दछन् अंरेजहरू ढगि सारै घवरायाका थिया अब केहि थिर छन् कलकत्ता मोदि औ महाजन सब गै ...१... साहबसंग यस्तो सवाल गर्‍या कि हामि त्याहीं त हतियारका नाजुक छौ हाम्रा उपर लुटमान चल्या कसो गरूं भन्दा...१... साहबले धेरै समझाई बुझाई हुकुम गर्‍या इउरुपि पहरा जंगि हतियार बाधी सहरको षवर्दार गर्लान् भंदा सबै फर्क्या भोलिदेषि सवारहरू सहरको चौकि दिन्याछन् यो लडाई भिडाई अथवा यस्तै हुलगुलका षवर्दारिलाई डाक बिजसि सारै फाइदा रहेछ हामिलाई पनि चाहिन्या झैं लाग्यो यस बातमा अथवा यस पालाका हुलले अंरेज या...१... साहव कौसल सारै हडबडायाका छन् ताहां केहि मद्दत लेषि आया आफ्नो काम छिराउन्या दोस्त राषन्या बेला झैं लागछ हिन्दुस्थानतरफका राजाबाबुले आफ्ना बुधिअंसारको षातरि...१... कम्पनिलाई गर्दैछन् ज्यादा झिजो कहांतक लेषि चढाउ लेषदाको कम ज्यादा माफ बक्सी निगाह निमक बर्दारउपर रहदै जावस—

इत सेवक कृष्नमान कार्कीको अनेक कोटि सेवा सलाम शुभ — — — — — — — —

१९०४ साल जेष्ट शुदि ९ रो शुभम् — — —

येहि षवर दुरुस्त हो भनि बिति चढाउन बडो मुसकील छ हल्कारा फ्रेन्ट आव इगल्सेमेन अषवारप्रभृति सवै अषवार नवीसलाई नञा अयन जारी छ वदि यो षवर नछापनु भन्या — — — — — — —

—०—

नं. ४३०

रामदीहल जासुले ल्यायाको षवर— — — —

तपसील

नर्वबलमा गोरा सीष मनराजी ज्मा फौज ७०० सये तोप ६ सवार ३०० सये ज्मा फौज १००० रहेछ— —

लोटनमा गोरा सीष मनराजी गरी ज्मा फौज ३०० सये — — — — — — — — — —

लठापार अंग्रेजका ईलाका पीपरामा सुदीन चौधरी गाउ ३ कालाले लुटी फेरि फर्की हाम्रै इलाकामा आयाछन् — — — — — — — —

अंग्रेजले कालाको षवर बुझनलाई ५० जवान जासु राष्याको रहेछ ________

गोर्षा माहाराजबाट बेगमको फौजलाई हाम्रो ईलाकामा नीकालीदीया हामी तीसग लडीकन मार्दा हु भनी उन्का सीपार्हाहरू भंथ्या ________

अंग्रेजले ठाउ ठाउका ठानाको षजाना उठाई गोरषपुरमा लैजान लाग्याका छन् ________

—०—

नं. ३७६

मथुरा घर हुन्या कंदर्बकथकले ल्यायाको षवर उप्रान्त पुसको १९ दिन जादा अंगरेजको लस्कर सिपाहिले हल्ला दिन जादा लिष्ट साहेबस्मेत ५ साहेब र १० हजार लस्कर पऱ्यो येसमा ४ हजार लस्कर १ साहेब भरतपुऱ्याले किल्ला-बाट माऱ्यो ४ साहेब र ६ हजार लस्कर डिकवाला सिदि-याले किल्लाबाहिर बस्याको थियो उसले माऱ्यो वहाबाट हटि ८ कोसपुङो छाउनि परिरहेछ सिदिया दौलथराम जसिबन्त राव दक्षिणिवाइ डिकवाला इनैहरूका साथमा १।१ लाष फौज लि भरतपुऱ्यालाई मदत दिन आइरहेछ २ हल्ला अघि भयो अैलेको तेश्रो ठुलो हल्ला भयो यो कुरा कसैले प्रकास नगर्नु भनि मनाहि भैरहेछ ५ हल्लामा ३ हल्ला भनि बांकि २ हल्ला छ भन्छन वाहा अंगरेजको लस्करमा क्या बोल्छन् भनि सोधा अंगरेजले हान्याको गोला किल्लाबाहिर आडमा लाग्याको पनि आडलाई केहि नभै गीरी पानिमा षस्छ...१...को बासुरिको सबद पनि सुनिन्छ आफै लडन लागिरह्याछन् भरतपुर लिन कठिन छ अब बांकि रह्याको २ हल्लामा क्या हुंछ भनि दुनीञा बोल्छन् मथुरा छोड्याको आज २५ दिन भयो भनि समाचार कह्यो कचा पक्का सुन्याको लेषी पठायाको छ निस्तुक हाम्रा हरकाराहरू पठायाको छ आइपुग्यापछि उनहरूले जो ल्याउनन् लेषी पठाउन्या काम गरुला शुभम् — – –

अल्मोडाबाट चतुरभुज मल्लले लेष्याको षवर विजिनिस माघ वदि १४ रोज १ मा पठायाको पुग्योहो– – – –

–०–

नं. ४२४

दिल्लिबाट सुबेदार हिराप्रताप सिंले लेष्याको षवर... उप्रान्त रणजित् सिंले १४।१५ हजार लस्कर सर्दार गोसा-ईज्यू अषातयार गराई मंडिमाथि चढाई गऱ्यो राजा ईश्व-रिसिं भागि गोपालपुरको पाहाड चढि कमलागढमा पस्यो सिषको लस्कर गोपालपुरको हसटमा बसिरहेछ रणजित्‌सिं दिनानगरमा छ गोर्षाील पल्टनको ठुलो साष छ कस्मिरमा राषनाका तजविज गरिराषेछ भछन् रणजीत्‌सिं ज्वाला जानाको षवर छ मंडिमाथि चढाई गऱ्याको अर्थ पाहाडको रस्ता अंगरेजलाई देषाउला भंन्या संकाले हो भंछन् चारै-तर्फ बालयो गरि मगंमा बसिरहेछ दसाईबाद कौनतर्फ देषतछ पछि बुझियेला सिषको मुसाहेव रिसालदार मकटिया गर्भासिं आफ्ना बाबुको अस्तु बहाउन हरिद्वार आउनालाई सिषसाहेबसंग बिंति गरेछ र हाम्रो रिसालदार आफ्ना बाबुको अस्तु बहाउन हरिद्वार आउछ भनि ञाहा षत लेषि आयेछ अछा सस्त्र छोडके आवता भंन्या जवाफ गयो सिषले जनाना तो नहि है भन्यो र ३० हजार सवार ८ तोप साथ दि पठायो झाडिको रस्ता गरि रिषेश्वरघाटमा उत्रि आफ्ना बाबुको अस्तु बहाई येक रात बसी गयो भंछन् नागपुरवाला राजा आषा साहा अघि ब्रह्मचारिको रूप गरि ञाहा आया छन् महिना १।। बसि ज्वाला गया वाहा गई प्रकास भयाका गडेवालदेषि रोजिना रुपैञा १० जनाज मन १० दिछ दषिनबाट २ लाष रुपिञाको हुंडि आयो ३ सय घोडा षरिद गऱ्या ५ सय सिपाहि राष्या नागपुरबाट आफ्ना दरिदेबान सिपाहि जान लागिरह्याछन् सिषबाट मिलनालाई बोलायो हाल गयाका छैनन् फुलासिले अकलगढ षालसा गरिदियो वाहि बसिरह्याछन् षलकतमा पनि लाहुर बरोबर रोटिकाहि नहिहैं भंछन सरनाम टुलो लसकर सच्चा छ जयेपुरको विबरता अघिभंदा षबर बढि आउदा अर्जुन भद्र कर्नसिं थापालाई पठाञाथ्यु जैपुर पुगि वाहाको कैफियत बुझि १९ दिनमा हामिसंग सामेल भया ईनिहरुले आषाले देष्याको र सोधनि गऱ्याको तहकित कैफियत अघि उजीर-सिहलाई पक्राइदिदा अंगरेजले सबै वर्षको धर्म दियेछ राजा जगतिसिं षुसि भया अंगरेजसंग येक घा हुनगयो षत्‌षटुद आवतजावत हुदा हुदा वर्षप्रति ८ लाष रुपैञा पनि दिनाको कबुल गरायो रानिबाट सरन्‌को मरन गऱ्यौ ८ लाष रुपैञा दिनाको कबुल पनि गऱ्यौ तिम्रो बदि सारा हिंदुस्थानमा चल्यो भंदा राजारानिको तक्रारै भयाको थियोगरे राजा काल प्राप्त भयापछि रानि गर्भबति रहिछन् तापनि राजाले नाउ राष्याको भया प्रसुति भयापछि राजासंग जादा हु नामर्दसग जान्याछैन भनि गर्भको रक्षा गरि बसिन पछि पैदा हुदा साहेब पैदा भया सवाजैसिं नाम रह्या वहादेषि बडो बडो दानपुण्य हुन लाग्यो राजा गादिमा बस्या येस सालमा अंगरेजले साहारको प्रगंना ईन्नोरगढ र मनगढ अमराईमा बंगाला सहरमा अदालत बसाउन देउ भनि अजमिर प्रगंनाको बालडेर साहेब २ पल्टं लि जादा अघि जगतिसिं राजाले कबोलियत गऱ्याको लाकलाम भर्दैछौ वाहादेषि बढता दिदौन भनि जवाप दिया राजा सवाजैसिं गादिमा छं हुकुं रानिको छ भर्तपुर जोतपुर बुंदिकोटा नौषंडमा खाडले पनि जेठो गादि रामचंद्रको जयपुरको हो वाहापछिका हामि हौ तिमि भिन्न छौ भनि जवाव दियाछ

जयपुरका हरकारा चारैतर्फ फिर्न लागिरह्याछन् लस्करको मालिक चार्न्सि रावजि रानिका हजुरमा जान्या आउन्या मुसाहेब वैरिसाल रावजो देसदेवान रणजितसि रावजी छन् नागाको पल्टन हजार ८ को सवारि पल्टन लाष १ सहर-वाहिलो बसिरहेछ लाष २ किल्ला किल्लामा बसिरहेछ सारा सहर किल्लैभित्र छ लयसवंदि लस्कर जमा ३ लाष ८ हजार छ आलडेर साहेब सहरदेषि दक्षिनतरफ सवाकोसको टोफाबत माझिनागमा २ पल्टनसमेत बसिरहेछ उसतर्फ जैपुरका चौकि छन् १ आदमि जान पाउदैनन् अर्जुन भट्टहरूलाई पनि जान दियेनछन् मेरटबाट उल्डन साहेब गयो रस्ता स्यामपुरमा भेटयाछन् चलन परि कल्दारभंदा आफ्नै चलन अढता चलाउनाको हुकुं छ हाल यो षवर लि आयापछि जो होला बिति गरौला कांतिपुरमा ठमेलदेषि माथि बस्न्यासंग कुरा परिरह्याछन् भंन्या षवर आहा बोल्दछन् कसो हो ताहा मालुम हाला येस्को कैफियत षतमा लेषि पठाउ भन्या ज्यादा ठलो हुन्या भयो अघि पनि जमानि विस्तार बिति गरि पठायाको हो येस पाला पनि जमारि विस्तार बिति गरि पठायाको छ अर्जि गर्नन् सहरमा दिनदुनिआको सातादिनप्रति हलालषोरले जाच गर्छन् हाम्रा अर्घ मधुरा जान्या तिर्थबासि हौ भादौको मेला पर्षन्छौ भनि कसम षाई अठसंम टिकिरह्याछौ बसिसक्नु गाह्रो भयो रणजीतसिले सर गर्‍याका जगा जगा मानिस येससंग आउछन् सिप्सग हाम्रो दोस्ति छ भंछन् ——————

—०—

नं. ४१७ श्री गुरुज्यू श्री ५ महाराजा
१ २

स्वस्ति श्री सर्वोपमाजोग्पेत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्रीश्रीश्री जनरल भीमसेन थापा श्रीश्रीश्री काजि रणध्वज थापा महासयेषु इत देवरिषि उपाध्याको बेदोक्त सुभ आसीर्वादपूर्वकपत्रमिदम् आहा निक ताहा आफ सब कुशल मंगल सदासर्वदा चाहीये आगे आहाको स्माचार भलो छ उप्रांत लाठ बाकिपुरमा आईपुगि ...१... हरूको र लाठको मुलाकाद भै षिलत भयाको...१...लाई बिरामिदेषि अलिक दीन आहा सुस्ताई घर जान्या काम गरौला भन्याको र श्री टक्सारिलाई भोलि आया र कुरा गरौला भनि सुईटिन अंगरेजले भन्याको षवर अघिका चिठिमा बिति गरि पठायाको हो पुगि बिस्तार भयो हो उस दिन पैल्हयै आदप सुईटिन अंगरेजसंग मुलाकाद गर्‍या चाजो परेन र ठुलासंग मात्रै मुलाकाद सौगात दीन्या लीन्या काम भयो उ २ अंरेजलाई दिउला भनि लग्याको सौगात फिर्ता ल्याईयो भोलिबेर श्री टक्सारिले मात्रै जानु भन्याको हो अलिक आराम नभया जस्तो मांनुभयो र...१... ले म पनि जान्छु भन्नुभयो अधिक श्रावण वदि ३० रोज ३ सवेरै दुवै जना जानुभयो लाठको मुलाकाद गर्दा पनि म संगै गयाको थिआ संगै थिआ भोलीबेर पनि संगै गयाको थिआ हाजिरि षान लाग्याका रह्याछन् उस बेलामा पुगियो अलीक बेर बाहिर सुस्ताई भित्र डाक्या ताहाबाट आयाको अंरेजसित अलिबेर बस्दा आदम अंरेजले हाजिरि षाईसक्यो फेरि आदम र ताहाबाट आउन्या अंरेज यका ठाउ बसि कुराकहानि गर्‍या तब आदम अंरेज आई भेट मुलाकाद गर्‍यो सौगात दाषिल गरियो हेर्‍यो अली बेरपछि राष भनि आफ्ना मान्छेलाई भन्यो सौगात थन्कयाया कुरा गर्दा र म भित्र जान पायाको थिन थोरै वेर आदम अंरेज वाहा बसि टेकारिको राजा मित्रजितसग भेट गर्न भनि निस्क्यो ताहाबाट आउन्या अंरेज र आदम अरेज अलफिस्टन अंरेजका कोठिमा सगै बस्याका रह्याछन् सुईटिन अंरेज गोलघरनेरा बस्याको रहेछ ताहाबाट आउन्या अंरेजले पुर्जि लेषि पठायो र सुइटिन अंरेज पनि वाही आयो भेट मुलाकाद भयो सौगात दाषिल गरियो आफ्ना हातमा उठाईकन कुचिन पनि हेर्‍यो यो चिनमो होताहै भन्यो कस्तुरि पनि चवर पनि हातैमा लिकन हेर्‍यो षुकुरि पनि हेर्‍यो छाता पनि बेस गरि हेर्‍यो वीउलीको हो नेपालैमा बन्याको हो भनि सोध्यो षुसि भयो लाठसितका मुलाकातमा पनि ल्याउन्या लैजान्या कुराकहानि दुर्बैतिर संक्षाउन्या उहि थियो प्रिथक मुलाकाद हुदा पनि निसस्तव्रकास मिजाज षुसवाहाल भयाको सुइटिन भन्याको बेस अंरेज रहेछ मलाई क्या मर्जि छ भनि टक्सारिले भंदा कलकत्ता सदहँ हाजिर्यैसा जगा वहि है जिस तरहसे उकिल लोग रहते रहे उसि तरहसे वाहि हाजिर रहना अछा है भनि सुईटिन अंग्रेजले भन्याको सुन्याथ्यां सब बिस्तार सदर चिठिले जाहीर होला टेकारिको राजा बेतियाको राजा अरू अरू बाबु मैयाहरू लाठका मुलाकादलाई भनि आयाका थिया लाठले अरू कोहि हिन्दुस्तानिसंग भेट गरेन अरू अरू अंरेजसित मात्रै भेट मुलाकाद गर्‍या...२...का प्रतापले र तषाईहरूका धाग जसले हाम्रा तर्फमा लाठले बेस गरि भेट सिष्टाचार गर्‍याको देष्ता बिनाभय प्रित हुदैन अरेजले नेपालको ठुलो भय राष्याको रहेछ भनि हिंदूस्तानिहरू सब षुसि छन् श्रावण सुदि १ रोज ४ का दिन लाठ वाकिपुर-

देषि कुच गरि नाउपर सवार भयो रोज ५ का दोश्रा प्रहरमा दानापुर पुग्यो नाउबाट उत्रि ४ घरि दानापुरमा बस्यो २२ तोप सलामि दागिया लगतै दानापुरदेषि उठि नाउमा चढि कोसभर पाछउ सेरपुर भन्याका ठाउमा बस्न गयो सरासर पछिउ जान्छ गलवा भरथपुरको गर्छन् लाठका साथमा षास चौकिलाई येक सय गोरा पहरा चौकिलाई २ सय काला........

—०—

नं. ३७८

कह्याउबाट हरिदत्त पाडे लक्ष्मीधर दाहालले ल्यायाको अकवालको फर्द - — — — — — — —

उप्रान्त आजकाल सुन्याका हालसुरथका अर्थ जजसाहेबको खवर दिल्लि जाइ इन्का मामा कमल बोरट साहेबसंग भन्या भेट भयाको रहेनछ दषिनतिर सफरमा गयाका रह्या-छन् उन्का छोरासित भेट भयेछ र भेट हुदा बोरट साहेबका छोराले आफ्ना बाबालाई चिठि लेषि जजसाहेबलाई सात वर्षको थमौति र पाहाडको बोरटि सुबेदमंडितकको काम लि आया बोरटि प्रमाना मुलुकमा चल्याको छैन सदरमा लेषि गयाको छ सदरबाट हुकुम आयापछि बोरटि परवाना मुलुकमा चलन्याछ भंन्या षवर छ बांकि चौथाइ तलप घटा-उनाका अर्थ भन्या कंपनिका घर कर्जा ढेरै हुनाले साहेबान चिरकटभरको तलब घटि हुंछ भन्या षवर छ येस् कांको कलटर साहेब र अलमोढा बस्न्या बलटनको कर्नेल बटसाहेब इटाइबाट आइपुग्छ भन्या षवर छ बांकि अरू षवर भन्या बागेश्वरलगायेत चिनियाका सरहदसम्म उटाधुरातक सडक बनाउनाको हुकुम परवाना बुढाका नाउमा चप्रासि गया जजसाहेब येस मैन्हामा सडक हेर्नालाइ जोसिमठतिर जांछन् जेठका मैन्हामा हबलबाघ आउन्याछन् भरथपूरमा लडाइ हुंन्या बषतमा जति कंपनि र साहेबलोगहरू थिया उनिहरू-लाई इनाम मिल्ला भन्याको रहेछ येस पाला सुबेदारलाई येक सै रुपैया र ज्यादारलाई साठि रुपैया हबल्दारलाई पचास रुपैया अम्बलदारलाई चालिस रुपैया सिपाहिलाई अठाइस रुपैया इस्ता पाठसंग इनाम बाडियेछ अल्मोडामा ह्वावा षान आउन्या साहेबहरू फर्काबादको जजसमेत दस जना आइरह्याछन् अरू आइपुग्याका छैनन् बांकि सनसार-चंन्दका छोरा अनिरुद्रचन्दले अंरेजसंग गुहार मागेछ र अंरेजहरू सामेल भै लुध्यानामा कौसल भयेछ र जुन दिनमा ब्रह्माका र हाम्रो लडाइ भयाको हो उ दिन हाम्रो मुलुक षालि थियो उस बषतमा सिषले धर्म राष्याको छ गुहार भन्या हामि दिदैंनौ ज्या षजाना जो चाहिंछ हामि दिन्छौ भन्या जवाप दियो भन्या षबर छ भनि कह्या— — —

—०—

नं. ३६८

श्री हरिद्वार

१

बदलीमा आउन्या मीश्र सुब्बा आइपुगंज्याल पाया सुन्याको षवर लेषनु भनि सुब्बा चतुर्भुज मल्लबाट अल्मो-डामा राषी आयाको हवल्दार भाजुबिरले लेष्याको षवर— उप्रान्त असारको महिनामा रंजितसिं हक भया ४ रानि ७ केटि सहगामिनि भया रंजितसिं हक हुन्या बेलामा राजा ध्यानसिले म पनि साथ सती जान्याछु भनि बिन्ति गर्दा आजतक मैले राजा ध्यानसिलाई पर्वरस पालना र मानि-आयाबमोजिम तिमिहरूले पनि मांन्या पालना गर्न्या काम गर्नु भनि आफ्नु छोरा षडगसिलाई अह्राई राजा ध्यानसिको वाहां पक्राई गयाको हुनाले राजा ध्यानसि सति भयेनन् सुनको सिङ चादिका खुरस्मेतको गाई सौ चादि मुन लाग्याको अभारी असवाबस्मेतका हाति १० घोडा सौ नगद २ करोर दान संकल्प भया चिताको भस्म मट्टि षरान इ-अस्तुस्मेत गाडि ३ तेस्का साथमा आपनु पल्टन ३ अंरेजको पल्टन २ जमा पल्टन पाच....१... मा आइपुगछन जति वर्षको उमेर रंजितसिंको छ उति फैर बृकट बृकटना तोपको सलामि दागनु भन्या षवर चलिरहेछ औ जोतपुर जैपूरको उपर अंरेजको ८ आठ पल्टन कर्नेल गौनसाहेबस्मेत गया आहा अल्मोडामा रह्याका कप्तान टेनरसाहेब सुल्टीनसाहेब पनी हामि हसियारतरफ जान तयार छन् पश्चिमतरफको अर्थ १ बडासाहेब २०।२५ मानिस साथ लि रोम स्यामको बादसाहसंगको भेट सलुकलाई गया भंन्या षवर छ कंधारमा फौज पुग्याको छैन सुजाबलसाहेबको अर्थ कोहि कैदमा छ भंछन् कोहि भागी गया पनि भंछन् अंरेजका फौजमा भन्या छैन भंन्या र पश्चीमतर्फ गोरास्मेत १ कम्पु अरू जांछ भंन्या गलवा षवर छ पूर्व ब्रह्मा राजाको ३ बेटा जुदा जुदा बाटो गरि आउन लागिरहेछ नेपाल द्रबारमा पनि सब भारदारहरूले काम छाडि फराकत भयाछन् भंन्या बजारमा सोहोरा चलिरहेछ साचो ठुटो जो हो सुन्याको बिस्तार लेषिछ माफ भयाजाला औ आहाको सब मुलुकि काम छोटासाहेबलाई सपुर्द गरि कमिस्नर लसिष्टसाहेब गढतर्फ

जान तयार छन् सिमल्या लाठसाहेबसंग पनि पुग्न्याछन् भंन्या षवर छ भनि लेष्याको रहेछ जाहेर होला शुभम्——

–०–

नं. ३७२

कुमाउबाट आयाको षवर

उप्रान्त असौजका १७ दिन जादा ईन्का अक्तुवर मैह्लाको पैले तारिष हुन्छ तसअर्थ अक्तुवर मैह्लाको पैलि तारिषमा हिन्दूस्तानको सयर गर्नालाईं कलकत्ताबाट लाट गवर्नरसाहेबको कुच हुन्छ भन्या कुराको बिस्तार जज तिारयलसाहेबले गन्या र कहांतकको सयर हुंन्छ कदाचित् पाहाडमध्ये अलमोडाको सयरलाई पनी अवाई भया डोटि पहाडमा भयाको तर्तोफा पनि ...१... बाट श्रेस्तावारको पत्रापत्रस्मेत पठाउनुहुन्यॆछ भनि बिस्तार गरियो र अल्मोडामा अवाई भन्या कठिन छ वर्तकदिर अबाइ हुन्या रहेछ भन्या तिमिलाई षवर दिउला हाल भन्या नाउमा सवार भै बनारस आउन्याछन् वाहाबाट कानपुर लषनौ फर्कावाद बरैलिको बाटो गरि मेरठको छाउनीमा जान्याछन् वाहाबाट गर्मिको याम हुदा सिमल्याको छाउनिमा गै बस्न्याछन् भंन्या विस्तार जजसाहेबले गन्या सो जाहेर होला बांकि येक रोज फरासिसको बादसाह सिकार षेलन गयाको फिर्दा रस्तामा येक सिपाहिले दगासित बादसाहको उपर गोली चलायेछ र बादसाहलाई गोलि लागेनछ पछि उसै बषत पेस्तवल देहेसतले आफ्ना जियपर चलाई सिपाही मरेछ भन्या र हिजोआज हाम्रा बादसाहलाई बडो बेराम भैरहेछ बाचनाको कठिन छ भंन्या चैतका मैह्लामा बेलायेतबाट लेष्याको षवर कलकत्ताबाट हाल आईपुग्यो र ञाहा रहन्या साहेवानहरू हिजोआज फिकरमा छन् येति छापा अषबारमा लेषिआयाको बिस्तार हो जाहेर होला बांकि अबका साल जंगि २ पल्टनस्मेत जगा जगामा रहन्या निजामत्को पल्टन-समेत बहुत टुट्यो भंन्या षवर सुनिन्छ पल्टन टुट्याको बादसाहिका हुकुमले हो कि कंपनीकौसल्ले हो भंन्या बिस्तार बमउठ हुदा साहेवानहरूसंग गरियो र कलकत्ताको कौसल्ले टुट्याको हो पल्टन टुट्याको अर्थ ठेकाको बडकरार पुग्न लाग्यो अब दोश्रो साल ठेकादार कंपनीको बदलि हुन्याछ तसअर्थ आफ्नु ज्माषर्च मिलाउनाको वास्ता पल्टन टुटन लागिरहेछ भंन्या बिस्तार साहेवानहरूको जवानी सुन्याको हो जाहेर होला सुवाठोर ठाकुरद्वारमा रहन्या पहाडी पल्टन पनि टुटूछ भंन्या षलिक षवर छ डोटिका मदेसतिरको षवर अैले गया वर्षामा दिपसाका छोराहरूले षैरिगढ भन्याको जगा हानिकन चक्लेदारसित जाई ठेका गरि लियाका थिया फेरि आजकाल धौलाराका चोहान रजपुतहरूले त्यो जगा हाम्रो अघिको हो भनि गंगासि भन्याको ५।७ सये लस्कर लि षैरिगढमा आई बस्यो गंगारामसाह्रीहरू भागि बसंतपुर छोडि अंग्रेजका मुलुकमा गै बस्याका छन् उनीहरूको तकरार हुदा डोटिको मदेसका जिमिदार रैयत भागि कोही अंग्रेजको अम्बलमा गया कोही भावरमा बस्याका छन् २ जिमिदार हाम्रा पहाडमा आई बस्याका छन् अरु फिरि लडाई गर्दछन् भंन्या षवर छ अब उप्रान्त जो पायाको लेषुला लेष्दामा ज्यादा कम भयाको माफ भयाजाला शुभम् — —

–०–

नं. ३९९

श्री चौतरियासाहेब

अर्जि — — — — — — — —

उप्रान्त गरिब सेबकको अर्थ डोटी सीलगढिमा रह्याका कबिलालाई चतुर्मासाभर साह्रै बीराम हुन जादा सो कुराको बिति बिस्तार गर्दा वेथाको जये बीजये बीचार गरी अल्मोडा जान्या काम गरौला भनी ......बाट मर्जि भयो र केही दीन ढील हुन गयो नीहायेत बेथा थोरो घट्टि पन्थ्यमा लाग्नीबित्तिकै चाहीन्या षाईषर्च र मामुली सर्सौगात ली बीदाबादी भै आयाको कार्तिकको २७ दीन जादा अल्मोडा आइपुग्यां २८ दीन जादा जज तीरियेलसाहेबसंग भेट मुलाकात गरी २९।३० दीन जादा पल्टनीयां साहेवानहरूसंग भेट श्रेस्ताचार गरियो श्रेस्ताचार हुंदा सोधनी गन्याबमोजीम निमकको भाउदो र चरणको जस कुसल क्षेम मुनासीबमाफिक बीस्तार गरियो बांकी सोर काली-कुमाउ र अल्मोडामा रहन्या कुरुवा फौज पल्टं जो अघी थीया सोही छन् कास्मीरलगायेत मारवाडको धर्तिभरमा यो साल अवर्षन् भै सुषा पर्दा कानपुरतक मधेसमा अनीकाल पऱ्याको षवर सुनिदा र भदौको मैह्लादेषी ञाहा पनि वर्षा नहुदा हाहाकालले अल्मोडाबजारमा अनाज आउन बीक्न छोडेछ र अनाज गैह्लको १ हट्टि वंदोवस्त पनि भयेछ तेस वंदोवस्तले पनि पल्टं धानिदा १ हट्टि मौकूफ गरि वनीञा दुकान्दारहरूले पल्टंलाई बेसाह दी पाल्नुपर्छ भनी माहाजनअनुसार दुकानपीछे ५।२५।५० जवान पल्टंका सिपाही हिल्ला लाग्याको रहेछ नीरष भन्या रुपैयाको ८—

पसेरी आटा चावलको छ जाहेर होला बांकि आहां जर्नेली कमान रह्याको कर्नेल पारी साहेब हाल बेलायेत गयेछ र दोश्रो कर्नेल नआउन्ज्याल कर्नेली कमान कप्तान मुचेरी साहेबले गर्न भंन्या षतम भयाको रहेछ त्यो कप्तान गरम-र्मीजाजी पनि रहेछ दीनका २ बषत परेट दलेल गराउदा पल्टका साहेबानसमेत सब सीपाही सब बिराजी छन् अब १०।१२ दीनभित्र सिमल्या लाठसाहेबको मुसाहेबी काममा रह्याको कर्नेल काकसाहेब आउन्या निस्तुक षबर छ बांकी नेपालमा भुकंपले १२ हजार हवेली टुट्यो १२।१५ हजार मानिस पनि षर्च भयो भंन्या गल्वा षबर छ षबरको काग-जमा भन्या ८ हजार हवेली टुट्यो हर्मन्साहेबका पनि दोमं-जला कोठीको उपल्लो तला टुट्यो भनी लेषीयाको छ यो षबर कसो हो भनी जजसाहेबले सोध्या र गल्वा षबरको सोभाव तफावत हुछ हाम्रा सदरबाट आयाको कल्मी षबरमा भन्या भर्नेपालमा पुराना हवेली र देवालय मंदीर गरी ज्मा २ हजार टुट्याका र जषमीसमेत ५ मये मानीस षर्च भयो भनि लेषि आयाको थियो भनी बिस्तार गरीयो र ल्हासा सहर र नेपाल पटना बराबर जमीन मिल्याको हुनाले तेसै रातको भुकंप हुदा मुल भूकंप ल्हासा सहरमा भयेछ र सहरका हवेली बहुत टुटी जमीनसंग बराबर भयेछ तेसभंदा कम नेपालमा नेपालभंदा कम पटना सहरमा हुन गयेछ बाकी जंगी कामको लाट बानसाहेब बेलायेत जान भनी हाल सिमल्याबाट कुंच गरी कानपुर दाषल छन् जंगी मुल्कि दुवै कामको अषत्यारी लाट गव्रनंर वेंटींग साहेबलाई भयो सयेर सफरको अर्थ गवरनर साहेब हाल कलकत्तामा छन् केही वंदोवस्त पनि गर्नु छ मदराजतरफ जान्याछन् बाकी लाहोरवाला रणजितसिले कस्मीरका वंदोवस्त गर्न आपनु छोरा सेर्सिलाई पठायाको थियो आफु भन्या रातदिन जनानषानमा रहन्या कारिदाहरूले दोबर बढाई रकम लीदिदा कस्मीरका रैयत भागी १ साल गाउ पर्गन्ना बैरान हुदा रणजीतसि गै कस्मीरको बंदोवस्त गरी लाहोर गयाको हीजोआज अधंगी बाथले रणजीतसि बहुत वीरामी छ भन्या षबर छ जो हुन्छ भनी येती बिस्तार जज साहेबले गन्याको हो जाहेर होला बाकी हीजोआज अंरेजको भारी फौजको जनाउ लुध्याना मेरठया छ उप्रान्त कच्चा पक्का षबर जो पाईयेला सुनीयेला जाहेर गरी पठाउला आईन्दाके मालक महातारी चरण हुनुहुछ हजौर गरिव पर्वस्तिपर नीगाह रह्याजाला ज्यादा हद्द अदब शुभम् — — —

ईत गरिब चतुर्भुज मल्लको सलाम ३
९० साल कातिक शुदी ६ रवौ अल्मोडे शुभम ——

—०—

नं. ४५९

दिल्लि समर किल्ला सहरयनाको नाप——

| | |
|---|---|
| गिर्द कदम जम्मा — — — — — | १३१७९ |
| पश्चिम ढोका लाहुरि दरोजादेषि काव्यलि दरोजासम्म कदम | — — ९६० |
| तस्देषी मोरि दरोजासम्म कदम — — — — | ५६० |
| तस्देषी कस्मेरि दरोजासम्म कदम — — — — | — ९९० |
| तस्देषी बगसीषना षिड्किसम्म कदम — — — | ७७० |
| तस्देषी लालदरोजासम्म कदम — — — — | — २९० |
| तस्देषी केलघाट षिड्किसम्म कदम — — — | — ३४५ |
| तस्देषी निगंबोधघाट दरोजासम्म कदम — — | — ५०० |
| तस्देषी छिडकिढोकासम्म कदम — — — — | — १९० |
| तस्देषी षिड्किघाटसम्म कदम — — — | — ५१० |
| तस्देषी राजघाट दरोजासम्म कदम — — | — १७०० |
| तस्देषी षिड्किढोकासम्म कदम — — — | — ६६० |
| तस्देषी वाक्या षिड्किसम्म कदम — — — | ६१६ |
| तस्देषी दिल्लिदरवाजासम्म कदम — — — | ९९० |
| तस्देषी तुरुकमान दरोजासम्म कदम — — — | १११० |
| तस्देषी अज्मेरि दरोजासम्म कदम — — — | १४४५ |
| तस्देषी फराशषाना षिड्किसम्म कदम — — | — ९९५ |
| तस्देषी लाहोरि दरोजासम्म कदम — — — | ९९९ |

काव्यलि दरोजादेषी पुरव किनारा निगबोध घाटसम्म सहर्को पूर्व पश्चिम कदम २३००

—०—

नं. ५२

अर्जि — — — — — — — —

उप्रान्त प्रयागतर्फ सिपाही पठायाका छन् बुटवलमा साहेब भयापछि पायासम्मको षबर चरणकमल तल अर्जि चह्रा-उला भनि बिन्ति गन्याको हो प्रयाग किल्ला भत्वयाका येक सये तृपन्न हात १५३ रहेछ तेसतर्फका गोला तोप किल्ला गिर्दा दषिनतर्फ जमुनामा डुब्याछन् गढिदेषि आधा कोस उतरमा बांद टुटि गाउं ७ किठ्यानिस्मेत डुबि दिन तिन प्रहरसम्म जलाम्मय भयेछ मानिस भन्या सबै गाउं सहर

छोडि बांदमा बस्याछन् अन्न बस्त्र मालताल सबै डुबेछ आजतक आलमाल षन्दै षोजदै छन् कच्चि घर सबै भत्क्या-छन् पक्का घर मात्र रह्याका छन भन्या आपना आपना घड्यारिमा घर बनाई बस्नछौं भन्दा घर बनाउन हुदैन गंढिका अगाडि मैदान चांहिन्छ भनेछ र कोहि अन्त गै बस्या कोहि आजतक बांदैमा बस्याकै छन् भन्या पश्चिम-बाट लडाजि हारि अंगभंग भयाका गोरा २ पटेला प्रयागमा आयाका छन् भन्दा सुनियाको हो तिनलाई भन्या आंषाले देषन पायेनछन् २ पटेला थिया पटेलाबाहिर निस्कन दिदै-नथ्या सिपाही पहरा बस्याका थिया निश्चय होगया भन्या बोलि याहांका मानिस बोल्दथ्या भन्या षबर ल्याया देषन पायेनछन् म पनि गोरषपुरको गलवा षबर ढेरै सुन्दा पाल-पाको मुहुडा गोरषपुरै हो ताहांको क्या डउल रहेछ बुझि जान्या हो भनि गाईघाट १ पैनावलको बाटो गरि गोरषपुर नजिक पर्न्या गरि आंन्या गोरषपुरका पूर्व पलियाभार ठानामा डांक परेछ डांक पर्दा गोर्षालिले हो भन्या हौराहा गन्याछन् ताहांपछि सडक षनायेछ उसका मुलुक पश्चिमतर्फ जाहां ताहां सडक तयारि हुन लागिरहेछ गोरषपुरदेषि २५ सवार आई लोठनमा बस्याका रह्याछन् सिम्रानासंग बाटो बनायाको छ तेस आसपासिका मानिस भन्या गोर्षालिसंग येसै वर्ष लडाजि हुन्या थियो पश्चिममा लडाजि हुन जादा याहां अहिले तयारि ताकिति जिनिस षरिदि मात्र हुन्छ आगापर लडाजि हुन्छ भन्या बोलि गर्दा रह्याछन् गरिप्रवर शुभचिन्तक हुं केहि देष्याको केहि सुन्याको चरणकमलतल अर्जि चह्लायाको छ सिपाहि बिरामि छन् ईनलाईस्मेत लि कातिकभरमा चरणकमलतल हाजिर हुंला केवल आधार षांमिदैको छ जो हुकुम — — — — — —

शुभचिन्तक श्रीनन्द उपाध्या कड्यालको चतुर्बेदोक्त आसिर्वाद — — — —

कार्तिक शुदि ६ रोज ४

—०—

नं. ३८२

उप्रान्त लाहुरसंम षबर बुझन पठायाका मानिसहरूले ल्यायाको समाचार सुघाठोरको बाटो गरि बेलासपुरको घाट उत्री रजितसि बस्याको अम्बर सहरमा कातिक मैह्लाको १५ दिन जादा पुगी १० दिनसंग उसै जगामा बसि लोध्यानाको बाटो गरि आयाछन् गोर्षालि पल्टनका छाउ-नीमा गइ डेरा गन्याछन् फिरिंगीको र सिंघको लडाई हुन्छ भन्या बोलि गर्छन् क्या बातमा हो भनि गोर्षालि सुबेदार ज्मादार षाल्साहरूसित बुझदा उनिहरूले कहथाको समा-चार पहिले तकरारको बिज निस्क्याको माडबारको र सिंघको बिचमा कसुर भन्या मुल्कमा १३ लाष रुपैया उठन्या रहेछ चौअनो सिंघलाई दिन्थ्यो आधा मुलुक सतरु-द्रावारि आधा मुलुक सतरुद्रापारि तेस मुलुकको राजा मुसलमान रहेछ उही राजा फिरिंगीसित मिलि फिरिंगीको छाउनी कसुर भन्या जगामा हाल्न लगेछ यो राजा त हामिले राष्याको पो हो र तइले जाहां किन छांउनी हालिस् भनि छाउनी पोलिदियाछन् ३ फेरा छाउनी फिरि-गीले हालेछ ३ नै पल्ट सिंघले पोलिदियेछ फेरि आफै षड्गसिं येक सै येक तोप बाह्र हजार सवार लि गइरहेछ फिरिंगीको र सिंघको मोहाडा जोरियाका कसुरमा १ ठाउ लोध्यानामा १ ठाउ २ ठाउ जारियाको छ लोध्यानाको मोहडामा सिंघतर्फको सर्धासि भन्याको सरदार १ हजार सवार लिकन बस्याका छ फिरिंगीका जनरल कागसाहेब कर्णेल बयेटेनसाहेब २ पल्टन लि लोध्यानामा बस्याको छ लोध्यानादेषि येक सै कोस अंबर सहरमा रंजितसि डेड् लाष सवार १३ पल्टन लि बस्याको छ गोदाम षजाना पनि सतरुद्राका किनारामा तयारि गर्न लागीरहेछ फिरि-गीको कपतान किग्रिसाहेब पनि अडा अडामा गोदाम षजानाको ताकिति गर्न लागीरहेछ मेरठमा र आगरामा फौजको पनि ज्मा उ गर्न लाग्याको छ वहांका षलकि बोलि भन्या सिंघतर्फकाले येस पालि फिरिंगीसित मुकर १।२ मैह्लाभित्र लडाई हुन्छ भन्या कुरा गर्छन फिरिंगीतर्फका मारिसहरूले पनि सिंघसित निश्चै लडाई हुन्याछ भंछन् घाटबाट भन्या सबै सिंघका हातमा कायेम छ भन्या बोलि गर्छन् सिंघको र फिरिंगीको दोसादमा आलुआले भन्याको येक राजा थियो उस राजाले सिंघलाई कर तिर्दथ्यो दोसाद हुनाले फिरिंगीसंग तकरार परेछ पछि उहि आलुआले भन्याले क्या ठानेछ र फिरिंगीसित तकरार गर्न्या होइन भनि सिंघलाई छोडी फिरिंगीसित मिलन गयेछ फिरिंगीले पनि त्यो लाहुर हाम्रो सर भयापछि ताहाको मालिक तुल्याइदिउला भन्या षातिरजामा दियेछ र बसि सहर भन्या जगामा बस्याको छ फिरिंगीलाई आफ्नु तयारि गर तयारि भयापछि म अगुवा भै जाउला भन्या कुरा गर्छ भनि सिंघका फौज र फिरिंगीका फौज दुवैतर्फका सुबेदार ज्मादार षाल्सा महाजन जिमिदारहरूले येस्तै कुरा गर्छन् भन्या

माचार ल्याया बडा बडा मानिसहरूले भन्याको समाचार होइन कोहि कुरा सांचो झुटो होला चरणबाट तजबिज हुन्यैछ शुभम् – – – – – – –

—०—

नं. ३८७

श्री प्रयाग श्री जमुना

१ २

नागोर. जयपुर. जोतपुर. रजपुतानतरफ षवर बुझन पठायाका हल्कारा‍ले कह्याका षवरको फर्द – – –

उप्रान्त भरतपुरका राजाको र जंगि जर्नेल लिकसाहेवको धर्म भै भरतपुरको लडाई माकुप भयाको थियो जर्नेल लिक साहेब र भरतपुरका राजा मऱ्यापछि भरतपुरका राजाका छोरा रजाई गर्थ्या. उनका जंगि कामको मुक्तियार जुह्लवारिलाल भन्याको कायत रहेछ ऊसकि छोरि कोहि रजपुतलाई दियाको रहेछ र रस्तामा डोला जांदा भरतपुरका राजाले देष्याछन् कस्को डोला हो भनि सोद्धा जुह्लवारिलालका छोरिको हो भनि वरपर रहन्या आदमिले भंदा त्यो डोला याहा ल्याउनुषर्छ भनि राजाले हुकुम दियाछन् र मानिसहरू डोला फर्काउन जादा अब मेरो नौमत हुन्छ मैले बांचन्या होईन भनि जुह्लवारिलालकि छोरिले जहर षाई मर्दा मेरा छोरिको यो नौमत भयो त तिम्रा मुलुकको नौमत गर्छु भनि लाष रुपैया अंरेजलाई दि मेरो पिछा लेऊ म भरतपुर सर गरिदिन्छु भनि लस्कर चढाई भरतपुर अंरेजको सर गराई राजा कैदमा थिया उस्तैमा अंरेजले जुह्लवारिलाल कायतलाई राजासाहेबले सब बातको मुक्तियारि तलाई दियाको थियो कि भनि सोद्धा सबै कामको मुक्तियार मलाई थियो ठुजो अयेस गर्थ्या भनेछ र मुषमा थुकि गदाह्रामा चढाई चारपाट्या गरि ढोल बजाई निमकहराम गर्न्या षुनिको यो गत हुन्छ भनि सहर घुमाई वपाईदियेछ फेरि अघिको करार ठूलो पायाको हुनाले भरतपुरभरको पुलस्दारि काम दियाको रहेछ राजालाई र...१... का किल्लामा राष्याको थियो कैदैमा थिया. भरतपुरका राजाको र जोतपुरका राजाको दोस्ति रहेछ केहि युक्तिले गरि मलाई याहाबाट ऊकास्न्या काम गऱ्या बढिया होला भनि पठायाका रह्याछन र पनालको बाटो गरि...२... का किनारासंम तिमिले निस्कनु सौदागरको बाहना गरि २ घोडा उहाँसंम पुऱ्याईदिन्या काम गरौंला. उसै घोडामा चढि तिमिले आउनु भनि जोतपुरका राजाले भनि पठायाको रहेछ. ऊहि व्यवस्थासंग भरतपुरका राजा जोतपुर गयाछन्. नागपुरका राजा पनि कैयतमा थिया. उस्तैमा अंरेजसित केहि वातको तलमाथि पन जांदा कालापानि पठायाको. ऊहाबाट भागि रंजितसिसंग पिछा पर्न गयाछन्. अंरेजका दहसतले पिछा लिन सकेनछ र ऊहादेषि बैरागिको भेक गरि जोतपुर गयाछन्. वैरागिको जमातमा बस्याका रह्याछन्. उस्तैमा कंचनि नाचन गयेछ र जमातमा टक्का पैसा सबै बैरागिले दियाछन्. राजाले आफुले लायाको अंगुठि दियाछन्. कंचनिले ऊ अंगुठि दोकानमा जंचाउन लैजांदा माहाजनले यो माल तैले काहा पाइस् भनि कंचनिसंग सोद्धा फकिरले दियाको हो भनिछ. दिन्या फकिर पैचान्न सकछेस् कि भंदा पैचान्दछु भनिछ र ऊ माल लि माहाजनले जोतपुरका राजासंग लगेछ. राजाले पनि यो माल काहां पाइस् भनि सोद्धा यो बिस्तार सबै गरेछ. कंचनिलाई ल्याई बैरागिका जमातमा लेगि दिन्या मानिस इनै हुन् भनि पैचानिदिछ र तिमि को हौ जस्ताको तस्तो भन तिमि साना आदमि त होइनौ तिम्रो दर्द म पुऱ्याउंला भन्याछन् र म नागपुरको राजा हुं रंजितसिले पिछा लिन सकेन यस दर्दले आइ ह्यांछु भनि आफ्नु बिस्तार गऱ्याछन् र तिम्रो पिछा लिनां. तिम्रा षातिर जो गर्नुपर्न्या काज म गरुंला भनि षातिरज्मा दि राष्याको रहेछ. नौ कोटि मारवाड भरहिंदुस्तान रजपुतानको यक मतो गरि नागपुरका राजा र भरतपुरका ई २ जनालाई हामिले सोप्नु छैन हाम्रो सिर दिनु कबुल छ भन्या बन्दोवस्त भयाको छ. अंरेजहरूले जोतपुरका राजासंग हाम्रो षुनि देऊ भनि माग्न पठाउंदा राज्ये दौलथ सबै तिमिसित छ ईनले क्या षुन गऱ्या सिरिफ आफ्नु ज्यान मात्रै आयाको छ ईनलाई सोषन सकिदैन. अंरेज बादसाहा हो भनि मान्याको छ. आफ्ना पुषले लडाई गराऊछन् भन्या तयार छौ. हाम्रो सिर नजाई सौपिन्याछैन भन्या जवाफ जोतपुरका राजाले दिया. अब लडाई हुन्छ भन्या कुरा गर्थ्यौं भनि कह्या शुभम् — — – – – – – –

—०—

नं. ३९०

हलकारा अर्जुंल मिश्र यज्ञनिधि पाध्याले दिल्लीबाट ल्यायाका षवरको फर्द — — – – – – –

उप्रान्त दिल्लिमा गै बालासंकरको घरमा बस्याका थिऱ्यौं बालासंषरसित याहाको हाल्सुरथ क्या छ भनि हामिले सोदा आजभोलि अंरेजको फौज ज्यावंत काबिलतर्फ गया

काहाँबाट गयाको फौज फिर्याको छैन फेरि नवा फौज जम्माउन लाग्याको थियो काबिल गयाका मानिस फिर्दैनन् भन्दाषातिर मधेसिया कोहि कबुल गर्दैनन् पाहाडिलोगहरू व्यहोरा नपाउन्या भर्ति हुन्छन् काबिलको व्यहोरा सुन्दा पनिहरू पनि भागि जाउछन् अंरेजको फौज दिल्लिमा २।३ सौं मेहरटमा ४।५ सौं छ उहि पनि दिनहुं बढाई गर्छन् वागुगढ भन्या जगामा पहरा चौकि गर्न्या मानिस मात्र छन् हामि दिल्लि बसंज्याल टट्टु टागन उंट बयेल जति पायाको षरिद गरि दिल्लिमा राष्याको थियो हामिहरू यहाँबाट आयापछि सब लिलाम भन्यो भन्या षवर रस्तामा सुन्याथिउ काबिलबाट फिरि आयाको ४ सौं लस्कर हामिले भन्या भेटेनौ दिल्लिदेषि १५।१७ कोसपुढो बस्याको थियो तेस लस्करमा कत्तिका हात कत्तिका षुट्टा काटियाका छन् बिना घाउ नलाग्याको षालि कोहि छैन तिनिहरू त अंरे-जको बदबोई गर्न आया जति घाउ लागी आयाका मानिस छन तिनिहरूलाई काटिदिनु भनि दिल्लि बस्न्या साहेबले उर्दी दियो भनि गल्लिमा गलवा षवर थियो भनि कह्या शुभम्– – – – – – – – – –

–०–